| सिंन. | कोटा (समूह) | डिप्लोमा कार्यक्रम | | | जम्मा |
|---|---|---|---|---|---|
| | | डिप्लोमा इलेक्ट्रिकल (DEE) | डिप्लोमा मेकानिकल (DME) | डिप्लोमा सिभिल (DCE) | |
| १ | वर्गिकृत निशूल्क छात्रवृत्ति | ४ | ४ | ४ | १२ |
| २ | जेहेन्दार निशूल्क छात्रवृत्ति | १ | १ | १ | ३ |
| ३ | CTEVT / Staff Family | १ | १ | १ | ३ |
| ४ | लक्षित वर्ग पुर्ण शूल्क | ४ | ४ | ४ | १२ |
| ५ | Pre Diploma समूह | ५ | ५ | ५ | १५ |
| ६ | स्थानिय स्तर | ३ | ३ | ३ | ९ |
| ७ | खूल्ला प्रतिस्पर्धा | ३० | ३० | ३० | ९० |
| जम्मा | | ४८ | ४८ | ४८ | १४४ |

| सिंन. | कोटा (समूह) | प्रि-डिप्लोमा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ईलेक्ट्रिकल | मेकानिकल | सिभिल | अटोमोवाइल | रेफ एण्ड एसी | इलेक्ट्रोनिक्स | CASM | जम्मा |
| १ | वर्गिकृत निशूल्क छात्रवृत्ति | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २१ |
| २ | जेहेन्दार निशूल्क छात्रवृत्ति | १ | १ | १ | १ | १ | १ | १ | ७ |
| ३ | CTEVT Staff / Family | १ | १ | १ | १ | १ | १ | १ | ७ |
| ४ | लक्षित वर्गपुर्ण शूल्क | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | २८ |
| ५ | खूल्ला प्रतिस्पर्धा | २८ | २८ | २८ | २८ | २८ | २८ | - | १६८ |
| ६ | खूल्ला महिला प्रतिस्पर्धा | - | - | - | - | - | - | २८ | २८ |
| ७ | स्थानिय स्तर | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २१ |
| जम्मा | | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | २८० |

**वर्गिकृत निशूल्क छात्रवृत्ति कोटा** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय द्धारा वर्गिकृत निशूल्क छात्रवृत्ति कोटामा प्रवेश परीक्षा दिई परीक्षा नियन्त्रण कार्यालयबाट सिफारिस भई आएका सरकारी वा सामूदायिक विद्यालयमा एस एल सी / SEE अध्ययन गरेका दलित, मधेसी, मूस्लिम, आदीवासी, जनजाती, पिछडिएको दूर्गम क्षेत्रको शैक्षिक योग्यता तथा स्थायी बसोवास, जनआन्दोलन / जनयूद्द / मधेस आन्दोलनमा वेपत्ता पारिएका व्यक्ति / शहिद परिवार / जनआन्दोलन घाईते परिवार / द्धन्द पिडित / विस्थापित,अपाङ्ग,पूर्व कमैया / हलीया, विपन्न,महिला,एकल महिलालाई बूझाउदछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिकामा वर्गिकृत्त निशूल्क छात्रवृत्ति कोटा सम्बन्धी मापदण्ड परिमार्जन भए सो अनूसार हूनेछ ।

**जेहेन्दार निशूल्क छात्रवृत्ति कोटा** भन्नाले पुर्ण शूल्किय प्रवेश परीक्षामा सम्बन्धित कार्यक्रममा उच्चतम अंक प्राप्त गर्ने प्रशिक्षार्थीलाई बूझिन्छ । यसरी प्रदान गरिने छात्रवृत्ति पहिलो वर्ष वा सेमेष्टरका लागि मात्र लागू हूनेछ । दोस्रो वर्ष वा सेमेष्टरका लागि अघिल्लो वर्ष वा सेमेष्टरको सबै विषय उर्त्तिण भै उच्चतम अंक प्राप्त गर्ने प्रशिक्षार्थीलाई प्रदान गरिनेछ ।

**CTEVT/Staff Family कोटा** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्मा कार्यरत योग्यता पूगेका स्थायी कर्मचारी वा तिनका आश्रित परिवार भन्ने बूझ्नूपर्दछ । दरखास्त बूझाउनको लागि परिषद् वा प्रदेश कार्यालयबाट सिफारिस पत्र बूझाउनूपर्दछ ।

**लक्षित वर्ग पुर्ण शूल्कीय कोटा** भन्नाले सरकारी वा सामूदायिक वा निजी विद्यालयमा एस एल सी/SEE अध्ययन गरेका दलित, मधेसी, मूस्लिम, आदीवासी, जनजाती, पिछडिएको दूर्गम क्षेत्रको शैक्षिक योग्यता तथा स्थायी बसोवास, जनआन्दोलन/जनयूद्द/मधेस आन्दोलनमा वेपत्ता पारिएका व्यक्ति/शहिद परिवार/जनआन्दोलन घाईते परिवार/द्वन्द पिडित/ विस्थापित,अपाङ्ग,पूर्व कमैया/हलीया, विपन्न,महिला, एकल महिलालाई बूझाउदछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिकामा लक्षित वर्ग पुर्ण शूल्कीय कोटा सम्बन्धी मापदण्ड परिमार्जन भए सो अनूसार हूनेछ ।

**Pre diploma समूह** भन्नाले डिप्लोमा कार्यक्रम सम्बन्धित Pre diploma कोर्ष पूरा गरेको मापदण्ड भएको योग्य नेपाली नागरिक बूझ्नूपर्दछ ।

**स्थानिय स्तर कोटा** भन्नाले नेपालगंज उपमहानगरपालिका भित्र स्थायी बसोबास भएका भर्ना मापदण्ड अनूसार योग्य र वडा/उपमहानगरपालिकाको सिफारिस पत्र प्राप्त नेपाली नागरिक भन्ने बूझ्नूपर्दछ ।